निर्णयहरु :-

निणर्य नं.१. जिल्लाका सबै पालिकाहरुमा कोभिड-१९ को संक्रमण फैलिरहेको, संक्रमितको संख्यामा कमी आएता पनि संक्रमण दर उच्च रहेकोले अझै केही समय निषेधाज्ञा गरी संक्रमणको नियन्त्रण, रोकथाम तथा संक्रमितको उपचार गर्नुपर्ने भएकोले मिति २०७८/०४/०१ गते बिहान ०१:०० बजेदेखि अर्को आदेश नभएसम्मका लागि तपसिल बमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारी बाट निषेधाज्ञा जारी गर्ने ।

## तपसिल :-

### १. सर्वसाधारणको आवतजावत सम्बन्धमा ।

क) अत्यावश्यक काममा (औषधी खरिद, उपचार, खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको खरिद) बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । अत्यावश्यक वस्तु तथा सेवाको खरिद र कृषि कार्यका लागि निस्कनै पर्ने भए अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

### २. अत्यावश्यक खाद्य सामग्रीको सम्बन्धमा ।

क) खाद्यान्न लगायत अत्यावश्यक वस्तु, तरकारी, फलफुल, माछा/मासु, दाना, एग्रोभेट, दुध, डेरी, खाना पकाउने ग्यास पसलहरु दैनिक बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

### ३. सभा सम्मेलन तथा सामाजिक कार्य सम्बन्धमा ।

क) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, व्यूटी पार्लर, पुस्तकालय, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाई क्रियाकलाप, समूहमा खेलिने खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम गर्न नपाइने ।

ख) विवाह/व्रतबन्ध/पास्नी को हकमा बढीमा १५ जनासम्म स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ग) विवाहको हकमा १ वटा सवारी साधन (बढीमा १५ जना सवार हुन पाउने) प्रयोग गर्ने गरी व्यानरका आधारमा सञ्चालन गर्न पाउने ।

घ) मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिइ बस्ने खालका कार्यक्रम गर्न नपाइने ।

ङ) कोभिड-१९ वा जुनसुकै कारणले कुनै व्यक्तिको मृत्यु भएमा सोको मृत्यु संस्कारमा अधिकतम १५ जना भन्दा बढी सहभागी हुन नपाइने ।

## ४. सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा ।

क) सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधनको स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने गरी अर्को आदेश जारी नभएसम्म मिति २०७८/०४/०१ गते विहान ६:०० बजेदेखि बेलुका ६:०० बजेसम्म स्वास्थ्य सुरक्षा मापदण्डको (मास्क, स्यानीटाइजर, भाइजरको प्रयोग) अनिवार्य पालना गर्ने गरी जिल्लाभित्र मात्र सञ्चालन गर्न पाइनेछ । यसरी सञ्चालन हुने सार्वजनिक यातायातका साधनले यात्रुहरुबाट तोकिएको भाडादर भन्दा बढी रकम असुल गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

ख) अत्यावश्यक सेवाहरु जस्तै : एम्बुलेन्स, खानेपानी, विद्युत तथा दुरसंचार मर्मत, स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिण्डर ढुवानी, डाँक सेवा, विमा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न सकिने ।

ग) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, कुखुराको दाना, चल्ला पशुपंक्षीजन्य पदार्थ, भेटेरीनरी सम्बन्धी कार्य, इन्धन, खाना पकाउने ग्यासँ, रासायनिक मल, विरुवा, खसीबोका ढुवानीका लागि यातायातका साधनमा चालक र सहचालक मात्र सवार हुने गरी व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

घ) झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्य तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने ।

ङ) सार्वजनिक निर्माणको हकमा आवश्यक पर्ने निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

च) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, पासपोर्ट तथा भिसाको आधारमा सवारी साधनलाई सहजीकरण गर्ने ।

छ) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित मिडिया हाउसले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने ।

## ५. कार्यालय/बैंक सञ्चालन सम्बन्धमा ।

क) सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी कार्यालय, सरकारी/गैरसरकारी संस्था र बैंक तथा वित्तीय संस्थाहरुले जनस्वास्थ्यका मापदण्ड पूरा गरी सेवा प्रवाहलाई नियमित गर्ने ।

ख) सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, विमा, इन्टरनेट, दुरसञ्चार, अन्य सेवा प्रदायक संस्थाका सवारी साधनको हकमा आफ्नो परिचयपत्र, कार्यालयको पत्र स्थानीय तहको प्रयोजन स्पष्ट भएको सिफारिस पत्रको आधारमा जिल्ला भित्र आवतजावत गर्न दिइने ।

## ६. अत्यावश्यक कार्यका लागि सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट गरिने सहजीकरण ।

क) मृत्यु संस्कारका लागि जानुपर्ने/फर्कनुपर्ने अवस्थामा व्यक्तिको निवेदन सहित सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्ने ।

ख) बिरामीले एम्बुलेन्स बाहेकका अन्य सवारी साधन प्रयोग गर्नुपर्ने अवस्था भए व्यानर वा विषय उल्लेख गरी सवारी साधन प्रयोग गर्न सकिने ।

ग) बिरामीको भर्ना कार्डका आधारमा १ जना बिरामी कुरुवाले आवतजावत गर्न पाउने ।

घ) बिरामीको थप उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था भए बिरामीको रिफर कार्ड, भर्ना कार्ड, परिचय खुल्ने कागजात देखाई आवतजावत गर्न पाइने ।

ङ) बुँदा नं. क) बाहेक अन्य कुनै पनि कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी नहुने । साथै व्यानर वा प्रिन्टमा विषय उल्लेख गरे बाहेकको प्रयोजनका लागि सवारी साधन प्रयोग भए/गरेको पाइएमा वा स्वास्थ्य सुरक्षा मापदण्डको (मास्क, स्यानीटाइजर, भाइजरको प्रयोग) पालना नभएको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा २१ बमोजिम कारबाही गरिने ।

## ७. तोकिएको मापदण्ड पूरा गरी सञ्चालन गरिने पूर्व निर्धारित परीक्षाको सम्बन्धमा ।

क) स्वास्थ्य सुरक्षाका मापदण्ड र भौतिक दुरी कायम हुने गरी परीक्षा सञ्चालन गर्ने ।

ख) परीक्षार्थीहरु हलमा प्रवेश गर्नु पूर्व र परीक्षा समाप्त भए पश्चात मापदण्ड बमोजिमको भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।

ग) परीक्षा सञ्चालन पूर्व र परीक्षा सञ्चालन पश्चात परीक्षा सञ्चालन गरिएका कोठा disinfectant को प्रयोग गरी निसंक्रमित (disinfection) गर्ने ।

**८. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समय निर्वाध रुपमा सञ्चालन गर्न पाइनेछ ।**

**९. होटल, रेष्टुरेन्ट, खाजा-नास्ता पसल कुल क्षमताको ५० प्रतिशत क्षमतामा नबढ्ने गरी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना हुने गरी बिहान ०६:०० बजेदेखि बेलुका ०६:०० बजेसम्म सञ्चालन गर्न पाईनेछ ।**

<u>निर्णय नं. २.</u> ५० वर्ष माथिका नागरिक तथा पहिले खोप लगाउन छुट भएका नागरिक, प्राथमिकतामा परेका शिक्षक, सवारी चालक तथा सहचालक, अत्यावश्यक सेवा सञ्चालन गर्ने व्यक्ति, छुट कर्मचारीहरुलाई केन्द्रबाट भ्याक्सिन प्राप्त हुना साथ तत्काल खोप सेवा सञ्चालन गर्न स्वास्थ्य सेवा कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>निर्णय नं. ३.</u> जिल्लामा कोभिड-१९ को संक्रमण उच्च रहेको बेला स्वास्थ्य सेवा कार्यालय अन्तर्गत रहेको सल्यान जिल्ला अस्पतालमा संक्रमितको उपचारमा आवश्यक अक्सिजन सिलिण्डर को अभाव हुन गई जिल्लामा व्यवसायीहरुसँग रहेका अक्सिजन सिलिण्डर जिल्ला अस्पतालमा संक्रमितको उपचारको लागि ल्याइएकोमा हाल अस्पतालमा उपचाररत रहेका संक्रमितको संख्यामा कमी आएको, अक्सिजन सिलिण्डरको संख्या समेत बढेकोले व्यवसायीहरुका सिलिण्डर स-धन्यबाद फिर्ता गर्ने निर्णय गरियो ।